"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

प.सं. प्र.शा.२०७६।०७७
च.नं.:

मिति : २०७६।०४।०६

### विषय : प्राबिधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ॥।

यस नगरपालिकाको २०७६/२/३२ (प्रथम पटक) र मिति २०७६/३/१७ (दोस्रो पटक) प्रकाशित सूचना बमोजिम सुरक्षित आप्रवासन सम्बन्धि जनचेतना, वैदेशिक रोजगारीमा जानु पूर्व आवश्यक सूचना तथा परामर्श, सीप विकास तालिमको लागि अभिप्रेरित तथा सहयोग, वैदेशिक रोजगारीका पीडितहरुलाई कानुनी उपचार, मनोसामाजिक परामर्श सहयोग, वित्तीय साक्षरता, गन्तव्य मूलुकमा समस्यामा परेमा सहयोग, वैदेशिक रोजगारी सम्बन्धि अनुसन्धान, सेवा प्रदायक संस्थाहरुको क्षमता विकास, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको विषयगत तथा सेवा प्रदानमा सहयोग गर्न तेस्रो चरणमा सुरक्षित आप्रवासन परियोजना संचालनका लागी आशय पत्र माग गरिएकोमा पेश भएका आशयपत्रहरु मूल्याकंन समितिको सिफारिस बमोजिम निम्न अनुसारका संस्थाहरु छनौट भएको हुदाँ छनौट भएका संस्थाहरुले नियमानुसार प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ ।

तपसिल

| क्र.सं | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | नाईट चेस क्लब | मेचीनगर, झापा |
| २ | विराट सामुदायिक अध्ययन केन्द्र | विर्तामोड, झापा |
| ३ | अभियान नेपाल | अर्जुनधारा, झापा |

**नोट :**

१. छनौट भएका संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्रमा संस्थाको आधिकारिक हस्ताक्षर सहितको निवेदन पेश गरी यस कार्यालयबाट प्राविधिक तथा आर्थिक प्रस्तावको फाराम प्राप्त गर्न सकिनेछ ।

२) प्रस्ताव पेश गर्दा संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु तथा धरौटी बापतको रकम रु ५५,०००।- (रु.पचपन्न हजार) भद्रपुर नगरपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं.२२१०३०३००७१०३ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र प्राविधिक तथा आर्थिक प्रस्तावहरु छुट्टा छुट्टै खाममा सिलबन्दी गरी बाहिर पट्टि प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव लेखिएको हुनुपर्ने र ती दुवै खामलाई बाहिरबाट अर्को खाममा राखी यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । दर्ता भएका प्राविधिक प्रस्तावहरु सोही दिन दिनको २:०० बजे प्रस्तावदाताहरु वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

४. प्रस्तावित परामर्श सेवा सम्बन्धी सम्पूर्ण विवरणहरु छनौट भएका संस्थाले गर्नुपर्ने कामको कार्य निर्देशन (Terms of Reference) मा उपलब्ध गराइएकोछ ।

५. परामर्शदाताको छनौट गुणस्तर र लागतमा आधारित (QCBS) प्रणाली अन्तरगत गरिनेछ ।

६. यस सम्बन्धि थप जानकारीको भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

७. पूर्व प्रस्ताव बैठक (Pre Bid Meeting) मिति २०७६।०४।१३ गते दिनको २:०० बजे मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इटाभट्टामा बस्नेछ । सो अघि नै माथि उल्लेखित संस्थाहरुले प्रस्ताव सम्बन्धी फाराम लिई अध्ययन गरी सो बैठकमा उपस्थित हुनु पर्नेछ ।

गोपाल आचार्य
प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत
भद्रपुर नगरपालिका कार्यालय

कार्यालय प्रमुख : ०२३-५२०७८१, कार्यालय ५२०१४८, ५२००९५ Fax : 00977-23-520781
वडा कार्यालय महेशपुर : ५२०८४३,वडा कार्यालय भद्रपुर : ५२०९५५, वडा कार्यालय चन्द्रगढी : ४५५०८२
Website: www.bhadrapurmun.gov.np E-mail : info@bhadrapurmun.gov.np